# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल


पत्र संख्या :
चलानी नं. : २०८०/०८१

मिति: २०८०।११।२०

**विषय : - सूचना । सूचना । सूचना ।**

यस नगरपालिकाको चालु आ.व. को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुर्नस्थापना ( प्रदेश शसर्त अनुदान चालु ) शीर्षकबाट भीमेश्वर नगरपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई प्रत्यक्ष फाइदा पुग्ने गरी एक देखि नौ वटै वडा अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यकताको आधारमा, आयआर्जन शिप बिकास कार्यकम सञ्चालन गर्न र सहायक सामग्री,( हुइल चियर ) कार्यक्रम संञ्चालन गर्नको लागि अपाङ्गताको क्षेत्रमा कार्यरत संघ संस्थाहरुबाट देहायका आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**(१) प्रस्ताव पेशगर्दा पुरागर्नु पर्ने कागजातहरु ।**

(क) संस्था दर्ता र नवीकरण भएको कागजात ।
(ख) करदर्ता र गत आ.व. को कर चुक्ता प्रमाण पत्र।
(ग) गत वर्षको बार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन ।
(घ) संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजात ।
(ङ) संस्थाको कार्यसमिति निर्णय प्रतिलिपि ।
(च) गत आ.व. मा अनुदान प्राप्त भएको अवस्थामा सञ्चालित कार्यकक्रमको प्रगति प्रतिवेदन ।
(छ) कार्यकक्रमको एकाइगत लागत प्रष्ट खुलेको आर्थिक प्रस्ताव सहित प्रस्ताव पत्र ।
(ज) कार्यक्रमको कार्यान्वयन कार्ययोजना ।

**(२) प्रस्ताव पत्र मूल्याङ्कनका आधारहरु देहाय अनुसार हुनेछन ।**

(क) बिगतमा सम्बन्धित क्षेत्रमा कामगरेको अनुभव .......२० अंक
(ख) अपाङ्गता को क्षेत्रमा ..........................................१० अंक
(ग) भौतिक पुर्वाधार ..............................................२० अकं
(घ) आर्थिक र प्रशासन बिनियमावलि भएको ................१० अंक
(ङ) स्थानिय संस्था ................................................१० अंक
(च) प्रस्ताव र कार्य योजना को ढाँचा ..........................२० अंक

..............................
विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत



इमेल : info@bhimeshwormun.gov.np, वेवसाइट: www.bhimeshwormun.gov.np, फोन नं. ०४९-४२११००, ४२१४९१